# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश

प.सं ०८१/०८२ (शैक्षिक प्रशासन)
च.नं. ६५५८

Email:
bmceducationsection@gmail.com

मितिः२०८२/०२/१२
ने.स. ११४५ बछलागा त्रयोदशी

श्री संस्थागत विद्यालयहरू सबै,
भरतपुर महानगरपालिका, चितवन।

विषयः छात्रवृत्ति वितरण गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) तथा अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७ को नियम ११ बमोजिम भरतपुर महानगरपालिकाभित्र सञ्चालित शिक्षण संस्थाहरूद्वारा प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणमा लक्षित वर्गका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नका लागि छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०८२ ले देहाय बमोजिम व्यवस्था गरेकोले तपसिल बमोजिम कार्यान्वयन गर्नुहुन अनुरोध छ।

**तपसिलः**

१. छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको लागि देहाय बमोजिमको विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नेः-

| | |
|---|---|
| संयोजक | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
| सदस्य | शिक्षक अभिभावक संघको अध्यक्ष |
| सदस्य | सम्बन्धित वडा शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य |
| सदस्य | प्रतिनिधि, शैक्षिक प्रशासन महाशाखा |
| सदस्य सचिव | प्रधानाध्यापक |

२ हाल कक्षा १० सम्मको शैक्षिक सत्र सुरू भई भर्ना समेत सम्पन्न भैसकेको सन्दर्भमा तत्काल सबै संस्थागत विद्यालयहरूले कक्षा १० सम्म भर्ना भएका जम्मा विद्यार्थी संख्या अध्यावधिक गरी अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) बमोजिम वितरण गरिने छात्रवृत्ति सङ्ख्या (बालविकास देखि कक्षा १० सम्मको जम्मा विद्यार्थी सङ्ख्या, (कक्षा ११ र १२ को शैक्षिक सत्र श्रावणमा सुरू हुने भएकोले सोही अनुसार पछि हुने) को आधारमा ५०० जनासम्म विद्यार्थी भए १० प्रतिशत, ८०० जनासम्म विद्यार्थी भए १२ प्रतिशत र सोभन्दा बढी विद्यार्थी सङ्ख्या भए १५ प्रतिशतले हुन आउने सङ्ख्या) अनुसूची १ बमोजिमको ढाँचामा छात्रवृत्ति वितरण गरिने सङ्ख्या खुलाई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटको प्रक्रिया सहित छात्रवृत्ति आवेदनको लागि कम्तिमा १५ दिने सूचना विद्यालयको वेभसाइट, सामाजिक सञ्जाल र अभिभावक वा विद्यार्थी समावेश गरी सञ्चालनमा रहेको म्यासेन्जर वा ह्वाट्सएपजस्ता ग्रुपहरूमा समेत प्रकाशित गरी आवेदन संकलन गर्ने। कुनै विद्यालयले यस पूर्व नै सूचना प्रकाशित गरी निवेदन संकलन गरिसकेको भए सो निवदेनलाई यसै बमोजिम भएको मानी कम्तिमा ७ दिनको सूचना पुनः प्रकाशित गरी आवेदन संकलन गरी समावेश गर्ने।

उप-सचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश

प.सं ०८१/०८२ (शैक्षिक प्रशासन)
च.नं. ६५५८

Email:
bmceducationsection@gmail.com

३ प्राप्त आवेदनहरू अनुसूची २ को ढाँचामा विद्यालयमा रहेको दर्ता किताबमा दर्ता गरी विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिमा पेश गर्ने।

४ छात्रवृत्तिको लागि प्राप्त भएका निवेदन उपर छानविन गरी उपलब्ध छात्रवृत्तिलाई पारदर्शी र मापदण्डमा आधारित बनाई छात्तवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरण गर्ने। यसरी छनौट गर्दा विद्यालय छात्रवृति व्यवस्थापन समितिले कार्यविधिको दफा १९ को उपदफा १ मा व्यवस्था भए बमोजिम देहायअनुसार कोटा निर्धारण गरी वितरण गर्नेः

| | |
|---|---|
| क. जेहेन्दार | ३७ प्रतिशत |
| ख. गरिब तथा विपन्न | ३७ प्रतिशत |
| ग. आदिवासी/ जनजाति | १२ प्रतिशत |
| घ. अल्प सङ्ख्यक/अतिसीमान्तकृत र लोपोन्मुख जनजाति | २ प्रतिशत |
| ङ. दलित | ६ प्रतिशत |
| च. अपाङ्ग | ३ प्रतिशत |
| छ. शहिद/वेपत्ताका सन्तति/ सशस्त्र द्वन्द्व र जनआन्दोलनका घाइतेका सन्तति | ३ प्रतिशत |

५ विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गरी छात्रवृत्ति प्रदान गरिएका छात्रछात्राहरूको अन्तिम नामावली अनुसूची ३ बमोजिमको ढाँचामा विद्यालयको वेभसाइट र सामाजिक सञ्जालमा समेत प्रकाशित गर्ने।

६ छात्रवृत्ति छनौट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क र मासिक पढाइ शुल्क पूर्णतः निःशुल्क गर्ने। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई विद्यालयले अनुसूची ५ बमोजिमको ढाँचामा पत्र दिने।

७ शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र वितरण भएको छात्रवृत्तिको विवरण अनुसूची ३ बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नामनामेसी विवरण शैक्षिक प्रशासन महाशाखा र सम्बन्धित वडा कार्यालयमा २०८२ असार १० गतेभित्र अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ।

सुवास चन्द्र आचार्य
उपसचिव

उप-सचिव

**बोधार्थः**

श्री वडा कार्यालय सबै, भरतपुर महानगरपालिका

श्री प्याब्सन, महानगर समिति – सहजीकरण हुन

श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः- वेबसाइटमा अपलोड गरिदिनुहुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np